राष्ट्रिय बीमा संस्थान
रा.बी.सं. भवन, रामशाहपथ, काठमाडौं नेपाल
फोन नं. ०१-४२६२५२० (हण्टिङ लाइन)
Email : info@rbs.gov.np, Website : www.rbs.gov.np

# कार्यसम्पादन मूल्याङ्कन बढुवाको दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२४ गते)

श्री लोक सेवा आयोगको मिति २०७९/१२/१६ गतेको सहमति अनुसार यस संस्थानमा २०७९ साल आषाढ मसान्तसम्म रिक्त रहेको देहायका पदहरुमा संस्थानको कर्मचारी नियमावली, २०५४ को नियम २५ को (२) बमोजिमको कार्यसम्पादन मूल्याङ्कन बढुवा गर्न नियम २६ बमोजिम देहाय बमोजिमको न्यूनत्तम शैक्षिक योग्यता भएका र २०७९ साल आषाढ मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका संस्थानमा कार्यरत सम्भाव्य कर्मचारीहरुबाट फाराम भरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । रीतपूर्वक प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| का.स.मू. बढुवा सूचना नं. | पद | तह | पदसंख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | न्यूनतम सेवा अवधि |
|---|---|---|---|---|---|
| १/२०७९।८० | मुख्य व्यवस्थापक | १० | ५ | स्नातकोत्तर तह वा सो सरह | ३ बर्ष |
| २/२०७९।८० | व्यवस्थापक | ९ | ७ | स्नातक तह वा सो सरह | ३ बर्ष |
| ३/२०७९।८० | सह व्यवस्थापक | ८ | २ | स्नातक तह वा सो सरह | ३ बर्ष |
| ४/२०७९।८० | नायव व्यवस्थापक | ७ | ३ | प्रविणता प्रमाणपत्र तह वा सो सरह | ३ बर्ष |
| ५/२०७९।८० | सहायक व्यवस्थापक | ६ | ३ | प्रविणता प्रमाणपत्र तह वा सो सरह | ३ बर्ष |
| ६/२०७९।८० | सहायक “क” | ५ | ९ | प्रविणता प्रमाणपत्र तह वा सो सरह | २ बर्ष |

| | | | |
|---|---|---|---|
| १. | दरखास्त फाराम पाइने तथा बुझाउने स्थान | : | संस्थानको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाडौंमा पाइनेछ । दरखास्त फारम यस संस्थानको website: http//www.rbs.gov.np बाट Download गरि भर्न सकिनेछ । |
| २. | दरखास्त बुझाउने अन्तिम मिति | : | यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (२०८०/०१/२३) भित्र दरखास्त बुझाउन सकिनेछ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिनेछ । |
| ३. | दरखास्त शुल्क | : | तह-१० को लागि रु. १,२००/-, तह-९ को लागि रु. १,०००/-, तह-८ को लागि रु. ८००/- तह-६ र ७ को लागि रु. ६००/- र तह ५ को लागि रु. ५००/- । |

द्रष्टव्यः

क) दरखास्त वापतको शुल्कको हकमा संस्थानको कृषि विकास बैंक लिमिटेडको चल्ती खाता नं. ०१००२००००२८६८०१२ मा जम्मा गरी सोको भौचर दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ । रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदनकर्ताको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# राष्ट्रिय बीमा संस्थान

रा.बी.सं. भवन, रामशाहपथ, काठमाडौं नेपाल
फोन नं. ०१-४२६२५२०, (हण्टिङ लाइन)
Email : info@rbs.gov.np, Website : www.rbs.gov.np


## आन्तरिक प्रतियोगितात्मक परीक्षाको दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२४ गते)

श्री लोक सेवा आयोगको मिति २०७९/१२/१६ गतेको सहमति अनुसार यस संस्थानमा २०७९ साल आषाढ मसान्तसम्म रिक्त रहेको देहायका पदहरुमा संस्थानको कर्मचारी नियमावली, २०५४ को नियम २५ को (१) बमोजिमको आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गर्न नियम २६ बमोजिम देहाय बमोजिमको न्यूनत्तम शैक्षिक योग्यता भएका र २०७९ साल आषाढ मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका संस्थानमा कार्यरत सम्भाव्य कर्मचारीहरुबाट फाराम भरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र र दोव्वर दस्तुर तिरी पहिलो म्याद समाप्त भएको मितिले ७ दिन भित्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रीतपूर्वक दरखास्त फाराम नभरिएको वा रीतपूर्वक नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| आ.प्र.बढुवा सूचना नं. | पद | तह | पदसंख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | न्यूनतम सेवा अवधि |
|---|---|---|---|---|---|
| ७/२०७९।८० | मुख्य व्यवस्थापक | १० | २ | स्नातकोत्तर तह वा सो सरह | ३ बर्ष |
| ८/२०७९।८० | व्यवस्थापक | ९ | ४ | स्नातक तह वा सो सरह | ३ बर्ष |
| ९/२०७९।८० | सह व्यवस्थापक | ८ | १ | स्नातक तह वा सो सरह | ३ बर्ष |
| १०/२०७९।८० | नायब व्यवस्थापक | ७ | २ | प्रविणता प्रमाणपत्र तह वा सो सरह | ३ बर्ष |
| ११/२०७९।८० | सहायक व्यवस्थापक | ६ | ३ | प्रविणता प्रमाणपत्र तह वा सो सरह | ३ बर्ष |
| १२/२०७९।८० | सहायक "क" | ५ | ४ | प्रविणता प्रमाणपत्र तह वा सो सरह | २ बर्ष |

| | | |
|---|---|---|
| १. | दरखास्त फाराम पाइने तथा बुझाउने स्थान | : संस्थानको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाडौंमा पाइनेछ । दरखास्त फारम यस संस्थानको website: http//www.rbs.gov.np बाट Download गर्न सकिनेछ । |
| २. | दरखास्त बुझाउने अन्तिम मिति | : यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (२०८०/०१/२३) भित्र र दोव्वर दस्तुर तिरी पहिलो म्याद समाप्त भएको मितिले ७ दिन (मिति २०८०।०१।३०) भित्र दरखास्त बुझाउन सकिनेछ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिनेछ । |
| ३. | दरखास्त फाराम शुल्क | : रु. १००/- (एक सय) । यस संस्थानको website बाट Download गरेको दरखास्त फारामको हकमा समेत सोही बमोजिम शुल्क जम्मा गर्नुपर्नेछ । |
| ४. | परीक्षा शुल्क | : तह १० को लागि रु. १,२००/-, तह ८ र ९ को लागि रु. १,०००/-, तह ६ र ७ को लागि रु. ८००/- र तह ५ को लागि रु. ५००/- । |
| ५. | परीक्षा हुने मिति र केन्द्र | : उपरोक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगवाट संचालन हुनेछ । लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ । |

सदस्य सचिव
पदपूर्ति समिति

# राष्ट्रिय बीमा संस्थान

रा.बी.सं. भवन, रामशाहपथ, काठमाडौं नेपाल
फोन नं. ०१-४२६२५२० (हण्टिङ लाइन)
Email : info@rbs.gov.np, Website : www.rbs.gov.np

द्रष्टव्यः

क) दरखास्त वापतको शुल्कको हकमा संस्थानको कृषि विकास बैंक लिमिटेडको चल्ती खाता नं. ०१००२००००२८६८०१२ मा जम्मा गरी सोको भौचर दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ। रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदनकर्ताको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ।

सदस्य सचिव
पदपूर्ति समिति

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# राष्ट्रिय बीमा संस्थान

रा.बी.सं. भवन, रामशाहपथ, काठमाडौं नेपाल

फोन नं. ०१-४२६२५२० (हण्टिङ लाइन)

Email : info@rbs.gov.np, Website : www.rbs.gov.np


## खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२४ गते)**

श्री लोक सेवा आयोगको सहमति अनुसार यस संस्थानमा रिक्त रहेका देहायका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपुर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका, संस्थानले खटाएको जुनसुकै शाखा कार्यालयमा कार्य गर्न इच्छुक तथा फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको योग्य नेपाली नागरिकले आफुले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, एस.एल.सी./ एस.ई.ई वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र, ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपी र हालसालै खिचेको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो र तोकिएको दस्तुर सहित समावेशी तर्फको समूह समेत खुलाई यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र र दोब्बर दस्तुर तिरी पहिलो म्याद समाप्त भएको मितिले ७ दिनभित्र रितपूर्वक दरखास्त फाराम भरी यस संस्थानको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभागमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । विदेशी विश्वविद्यालय वा परीक्षा बोर्डबाट शैक्षिक प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले सम्वन्धित निकायबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । बहालवाला स्थायी कर्मचारी भएमा कार्यरत संस्थाको विभागीय स्वीकृति पेश गर्नु पर्नेछ । रित नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | तह | समूह | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १३ / २०७९/८० | सहायक व्यवस्थापक | ६ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, बीमा र कानुन मध्ये कुनै एक विषय (संकाय) मा स्नातकोत्तर तह उतिर्ण गरेको । |
| | | | मधेसी | १ | |
| १४ / २०७९/८० | सहायक "ख" | ४ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, बीमा र कानून मध्ये कुनै एक विषय (संकाय) मा स्नातक तह उतिर्ण गरेको । |
| | | | दलित | १ | |

१. सेवाको किसिम : स्थायी ।

२. तलब तथा सुविधा : प्रचलित कानून बमोजिम हुने ।

३. उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म तह ६ को पदका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । तह ४ को पदका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । तर महिला तथा अपाङ्ग उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको हुनु पर्नेछ । यस संस्थानमा कार्यरत कर्मचारीलाई उल्लेखित उमेरको माथिल्लो हद लाग्ने छैन ।

४. परीक्षण काल : १ वर्ष । साथै महिलाको हकमा ६ महिना परीक्षण काल हुनेछ ।

५. परीक्षाको किसिम : लिखित तथा अर्न्तवार्ता र तह ४ को हकमा कम्प्युटर सीप सम्बन्धी परीक्षा समेत लिइनेछ ।

६. अन्य सेवा र शर्त : प्रचलित कानून बमोजिम हुने ।

# राष्ट्रिय बीमा संस्थान

रा.बी.सं. भवन, रामशाहपथ, काठमाडौं नेपाल

फोन नं. ०१-४२६२५२० (हण्टिङ लाइन)

Email : info@rbs.gov.np, Website : www.rbs.gov.np


| | | | |
|---|---|---|---|
| ७. | दरखास्त फाराम पाइने तथा बुझाउने स्थान | : | संस्थानको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाडौं । दरखास्त फाराम यस संस्थानको website: http//www.rbs.gov.np बाट Download गरी भर्न सकिनेछ । |
| ८. | दरखास्त बुझाउने अन्तिम मिति | : | यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (२०८०/०१/२३) भित्र र दोव्वर दस्तुर तिरी पहिलो म्याद समाप्त भएको मितिले ७ दिन (मिति २०८०।०१।३०) भित्र दरखास्त बुझाउन सकिनेछ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सम्म कायम हुनेछ । |
| ९. | दरखास्त फाराम शुल्क | : | रु. १००/- (एक सय) । यस संस्थानको website बाट Download गरेको दरखास्त फारामको हकमा समेत सोही बमोजिम शुल्क जम्मा गर्नुपर्नेछ । |
| १०. | परीक्षा शुल्क | : | तह-६ को लागि रु. ८००/- (आठ सय) । तह ४ का पदका लागि रु. ५००/- (पाँच सय) । |
| ११. | समावेशी समूहका लागि थप शुल्क | : | तह-६ का लागि समूह पिच्छे रु.३००/- (तीन सय) । तह ४ का पदका लागि समूह पिच्छे रु.२००/- (दुई सय) । |
| १२. | परीक्षा हुने मिति र केन्द्र | : | उपरोक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगवाट संचालन हुनेछ । लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ । |

द्रष्टव्य:

क) शुल्कको हकमा तोकिए बमोजिमको दरखास्त फाराम, परीक्षा र समावेशी शुल्क संस्थानको कृषि विकास बैंक लिमिटेडको चल्ती खाता नं. ०१००२००००२८६८०१२ मा जम्मा गरी सोको भौचर दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ । रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदनकर्ताको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

ख) प्राप्त दरखास्त आंशिक वा पूर्णरुपले कुनै सूचना दिई वा नदिई समेत रद्द गर्न सकिने छ ।

ग) खुला तथा समावेशी तर्फको लागि एउटै दरखास्त पेश गर्न सकिनेछ । साथै समावेशी तर्फ एक भन्दा वढी समूहमा दरखास्त दिने भएमा समुह पिच्छे छुट्टाछुट्टै शुल्क सहित दरखास्त दिनुपर्नेछ । यस संस्थानमा कार्यरत कर्मचारीहरुले पनि सोही बमोजिम आवेदन गर्नुपर्नेछ ।

घ) उपरोक्त पदहरुको खुला तथा समावेशी समुहको एउटै परीक्षा हुनेछ ।

ङ.) दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस संस्थानको website: http//www.rbs.gov.np वाट Download गरी हेर्न सकिनेछ ।

समावेशी तर्फका आवेदकहरुले पेश गर्नुपर्ने थप कागजातहरु :

क) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

सदस्य सचिव

# राष्ट्रिय बीमा संस्थान

रा.बी.सं. भवन, रामशाहपथ, काठमाडौं नेपाल
फोन नं. ०१-४२६२५२० (हण्टिङ लाइन)
**Email** : info@rbs.gov.np, **Website** : www.rbs.gov.np

ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ग) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

सदस्य सचिव
पदपूर्ति समिति